नगर कार्यपालिकाको बैठक बैठक संख्या ७३ मिति २०७६/०७/२८

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको बैठक

बैठक संख्या ७३ मिति:२०७६/०७/२८

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १. | आमन्त्रित | श्री सौजन कटुवाल | | |

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

मिति २०७६ साल कार्तिक २८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. यस नगरपालिकामा रहेका देहायानुसार सडकहरुमा सडक निर्माण तथा विस्तार कार्य भई रहेकोमा ती सडकहरुमा रहेका विद्युत पोलहरु सडकको बिचमा पर्ने भई सडक निर्माणमा अवरोध भएकाले उक्त सडकमा रहेका विद्युत पोल सडक किनारामा स्थानान्तरण गर्नका लागि आवश्यक व्यवस्था मिलाईदिन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

देहायः

क.महानन्द चौक- शनिश्चरे -जयपुर सडक

ख.शनिश्चरे-नारायण चौक-खुदुनाबारी सडक

ग.शनिश्चरे बजारबाट पश्चिम डाँडागाउँ हुँदै दहिझोडा जाने सडक

२. Nepal English Language Teacher Assosiation (NELTA) द्वारा अंग्रेजी विषय शिक्षकका लागि आयोजना गरिने तालिमका लागि अर्जुनधारा नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका ३/३ जना अंग्रेजी विषय शिक्षक छनौट गरी पठाउने ।तालिममा जाने सामुदायिक विद्यालयका शिक्षकको छनौटका लागि नेपाल शिक्षक महासंघ,अर्जुनधारालाई र संस्थागत विद्यालयका शिक्षक छनौटका लागि प्याब्सन,अर्जुनधारालाई जिम्मेवारी दिने । शिक्षकको छनौट सायसरी छनौट भई जाने शिक्षकले तालिम पश्चात नगरपालिकाका अन्य विद्यालयका विषयगत शिक्षकका लागि समेत तालिम सञ्चालन गर्ने र तालिमका लागि आवश्कय रकम नगरपालिकाको वार्षिक स्वीकृत बजेट अन्तर्गत शिक्षा तर्फको बजेटको बुँदा नं ४ अनुसारको बजेटबाट व्यहोर्ने ।

३. अर्जुनधारा नगरपालिकाका कृषक तथा पशुपालकहरुको सुविधालाई ध्यानमा राख्दै वडा नं ३,वडा नं ४ र वडा नं ११ मा एक एक जना कृषि तथा पशु प्राविधिकको व्यवस्थापन गर्ने ।

४. देहाय बमोजिमका धार्मिक संस्थाहरुलाई निम्नानुसार रकम बिनियोजन गर्ने ।

| क्र.सं. | विवरण | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | अर्जुनधारा जलेश्वर धाम,अर्जुनधारा -१ | ८,००,०००/- | वार्षिक अनुष्ठान तथा निःशुल्क कृत्रिम अंग वितरण शिविर सञ्चालनार्थ |
| २ | सताक्षी धाम धार्मिक महोत्सव,शिवसताक्षी-११ | ३,९०,०००/- | जलेश्वर,फाल्गुनन्द,कालिस्थान गुम्बा,शंकराचार्य,साधुटार,शहिद सुखानी कुटि निर्माण तथा कार्यक्रम |
| ३ | दुर्गा मन्दिर निर्माण,अर्जुनधारा-१ | ५०,०००/- | |
| ४ | दुर्गा भवानी मन्दिर,वडा नं ४/७ | १,००,०००/- | |
| ५ | सिंहवाहिनी देवी शक्ति पिठ र,वडा नं ४ | १,२०,०००/- | विद्युत जडान |
| ६ | शिवालय मन्दिर,वडा नं ११ | २५,०००/- | कार्यक्रम सञ्चालन |

हरी कुमार शर्मा मगर
नगर-प्रमुख

५. अर्जुनधारा नगरपालिका २ स्थित गोयाङ्ग खोलामा २ ठाउँ तथा टाङटिङ खोलामा २ ठाउँ स्पर बाँध्न आवश्यक रकम (ल.ई.अनुसार हुन आउने )विनियोजन गर्ने ।

६. यस नगरपालिकामा गठन भएको नगर युवा परिषद,खेलकुद विकास समिति तथा कला साहित्य सँस्कृति प्रवर्द्धन समितिको वडा स्तरीय समिति गठन गर्ने ।

७. यस नगरपालिकाका सामुदायिक विद्यायलहरुको लेखापरीक्षण सम्बन्धमा देहाय बमोजिम गर्नेः

क. नगरपालिकाले लेखापरीक्षकहरुको सूची विद्यालयमा पठाउने ।

ख. सूची प्राप्त भएको तिन दिन भित्र विद्यालयहरुले सूचीकृत लेखापरीक्षकहरु मध्येबाट कम्तिमा तिन जना लेखापरीक्षकहरु सिफारिस गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ग. प्रमुख प्रशासकीय अधिकृतले तिन जना मध्ये एक जना छनौट गरी पठाउने ।

घ. बुँदा नं ख बमोजिम सिफारिस सूचीबाट कुनै लेखापरीक्षक दोहोरिने भएमा प्रमुख प्रशासकीय अधिकृतले सामाजिक विकास समिति संयोजकसँग समन्वय गरी तोके बमोजिम हुने ।

ङ. बुँदा नं क को प्रयोजनका लागि सूचीको अन्तिम रुप प्रमुख प्रशासकीय अधिकृतले तयार गर्ने ।

८. शनिश्चरे खुदुनाबारी सडक निर्माण तथा कालोपत्रेका लागि ठेक्का पाएको शेर्पा कन्ट्रक्सन हिले धनकुटालई उक्त सडकमा प्रयोग गर्नका लागि १२०० घ.मि. नदिजन्य सामाग्री रु १८,०१,०६५/-(अठार लाख एक हजार पैसट्ठी मात्र ) नदिजन्य सामाग्री उत्खनन र सञ्चित कर बापत रु २,४०,०००/- (दुई लाख चालिस हजार मात्र ) मा बिक्री गर्ने ।

९. अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधिको बुँदा नं ३ (३) बमोजिम नुमा निर्माण सेवा प्रा.लि.लाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने ।

१०. घरेलु तथा साना उद्योग कार्यालय,झापाबाट उद्यशिलता विकास तालिमका लागि यस नगरपालिकाको वडा छनौट गरी पठाउन प्राप्त पत्र बमोजिम उक्त तालिमका लागि वडा नं ७ छनौट गरी पठाउने ।

११. जिल्ला प्रशासन कार्यालय,झापाबाट अनुरोध भई आए बमोजिम कार्यालयाई एक थान ल्यापटप उपलब्ध गराउने ।

१२. सडक बोर्ड,नेपालबाट यस नगरपालिकाका लागि स्वीकृत बजेट रु ३५ लाखबाट अर्जुनधारा-७ को अर्जुन चौकबाट पश्चिम डाँडाँ गाउँ हुँदै मिलडाँडा जाने सडक मर्मत गर्न आवश्यक प्रक्रिया अघि बढाउने ।

१३. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत अर्जुनधारा-३ स्थित नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा एकिकृत बस्ती निर्माण गर्न प्राप्त रु ६० लाख तथा नगरपालिकाको सम्पूरक १५

हरी कुमार राना

प्रतिशतले हुन आउने रु १० लाख ५८ हजार बाट एकिकृत बस्ती तथा अपाङ्गहरुका लागि आश्रय स्थल निर्माण गर्ने ।

१४. प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेको भवनमा माथिल्लो तला थप गर्न आवश्यक पर्ने लगत स्टमेट अनुसारको रकम रु ७ लाख मात्र नगरपालिकाबाट व्यहोरी माथिल्लो तला निर्माण गर्ने ।

१५. अर्जुनधारा नगरपालिकाका नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन एवं बिक्रीका लागि विज्ञबाट प्राप्त स्वीकृत आइ इ इ प्रतिवेदनमा उल्लेखित बिरिङ्ग (प्याकेज १,२ र ३) टाङटिङ्ग (प्याकेज १ र २ ) तथा ठूलो नेतेको गरी जम्मा २,१६,८२५ रहेकामा निर्णय नं ८ अनुसार शेर्पा कन्ट्रक्सन,हिले,धनकुटालाई टाङटिङबाट १२,००० घ.मी. रु १८,०१,०६५/-(अठार लाख एक हजार पैसट्ठी मात्र ) मा बिक्री गरी बाँकी रहने २,०४,८२५ घ.मी.को न्यूनतम राजश्व रु ३,७९,५५,१५६/- (तिन करोड उनासी लाख पचपन्न हजार एक सय छपन्न मात्र ) कायम गरी टेक्का बन्दोबस्त गर्न १५ दिने सूचना प्रकाशन गर्ने ।

१६. हाम्रो पूर्वाञ्चल अन्तराष्ट्रिय गोल्डकप,२०७६ सञ्चालनका लागि नगरपालिकाको तर्फबाट रु ५० हजार मात्र सहयोग उपलब्ध गराउने ।साथै,विभिन्न रोग लागी औषधोपचार सहयोगार्थ सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त सिफारिस अनुसार देहायका व्यक्तिहरुलाई निम्नानुसार औषधोपचार सहयोग उपलब्ध गराउने ।

| क्र.सं. | नामथर | ठेगाना | रकम(रु) |
|---|---|---|---|
| १ | मनकुमार शिवा | अर्जुनधारा २ | ३००० |
| २ | गिताकुमारी खाती | अर्जुनधारा २ | ३००० |
| ३ | दुर्गाबहादुर विश्वकर्मा | अर्जुनधारा ४ | ३००० |
| ४ | कला दाहाल | अर्जुनधारा १ | ३००० |
| ५ | विश्वनाथ चौलागाई | अर्जुनधारा १ | ३००० |
| ६ | धनबहादुर विश्वकर्मा | अर्जुनधारा ८ | ३००० |
| ७ | दीपा तामाङ्ग | अर्जुनधारा २ | ३००० |
| ८ | जसमाया आले | अर्जुनधारा ३ | ३००० |
| ९ | मदन राई | अर्जुनधारा २ | ३००० |
| १० | प्रेमकुमारी फुयल | अर्जुनधारा ५ | ३००० |
| ११ | देउकुमारी गिरी | अर्जुनधारा ३ | ३००० |
| १२ | यामबहादुर बानिया | अर्जुनधारा १ | ३००० |
| १३ | देवीप्रसाद सिग्देल | अर्जुनधारा १ | ३००० |
| १४ | पदम सार्की | अर्जुनधारा ३ | ३००० |
| १५ | केशव मगर | अर्जुनधारा ४ | ३००० |
| १६ | तिलविक्रम माबो | विर्तामोड ५ | ३००० |
| १७ | तालमाया तामाङ्ग | अर्जुनधारा २ | ३००० |
| १८ | निलकण्ठ बराल | अर्जुनधारा ४ | ३००० |
| १९ | डम्बर विश्वकर्मा | अर्जुनधारा २ | ३००० |

१७.अर्जुनधारा नगरपालिका वडा नं २ स्थित बेल्टार बाट गाँजाबारी जाने सडकमा प्रदेश नं १ सरकारबाट पुल निर्माणका लागि बजेट विनियोजन भएकामा सम्बन्धित क्षेत्रका वडा प्रतिनिधि ,राजनैतिक दलका प्रतिनिधि तथा स्थानीय बासिन्दाको सर्वदलिय बैठकबाट अर्जुनधारा १ स्थित ठूलो नेते खोलमा पुल निर्माण गर्नु आवश्यक भई उक्त

हेरी कुमार राना मगर
प्रमुख

आयोजना स्थल परिवर्तन गर्न प्रदेश सरकार समक्ष सिफारिस माग भई आए अनुसार उक्त पुल निर्माणको आयोजना स्थल संशोधनका लागि उपयुक्त देखिएकाले प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

१८.निम्नानुसारको शीर्षकमा देहायानुसार बजेट विनियोजन गर्ने ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | शनिश्चरे मा वि अन्तर मा वि भलिबल प्रतियोगिता सञ्चालन सहयोग | ३०,०००/- |
| २ | वडा नं ४/७ बिरिङ्ग खोलामा २४ थान तारजाली भर्न | १,८६,००/- |
| ३ | सयपत्री युवा क्लब,अर्जुनधारा-१,भवन निर्माण | २,००,०००/- |
| ४ | सशस्त्र प्रहरी बल,कसानबारीको सवारी मर्मत | २,००,०००/- |

।साथै,अर्जुनधारा नगरपालिकाका कक्षा ११-१२ सञ्चालन भएका सामुदायिक विद्यालयहरुलाई शैक्षिक भ्रमणका लागि रु २० हजारका दरले सहयोग सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिने ।

१९. अर्जुनधारा नगरपालिका वडा नं २ खुदुनाबारी झेलेनी बुधबारे सडक खण्ड अन्तर्गत झेलेनीमा कृष्ण दंगालको घर पूर्व तथा अरुण रानाको घर छेउ दुई स्थानमा कल्भर्ट निर्माण गर्न रु ५० लाख तथा रातेदेखि इलामको बर्फल्याङ्ग जाने सडक खण्ड अन्तर्गत शान्ति सामुदायिक वनको घाटगद्दी छेउमा कल्भर्ट निर्माण गर्नु अति जरुरी रहेकाले कल्भर्ट निर्माण गर्न रु ३५ लाख बजेट विनियोजन गरिदिन प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

२०. अर्जुनधारा-८ स्थित खानेपानी साइमन्दिर सातपत्रे हात्तिकिल्ला जोड्ने सडक कालोपत्रे गर्नु आवश्यक रहेकाले संघीय सरकार समक्ष अनुरोध गर्ने ।

२१.अर्जुनधारा नगरपालिका स्थित बिरिङ्ग नदीमा चेक ड्याम निर्माण गर्नका लागि BMS NEPAL PVT LTD,काठमाण्डौँ बाट तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

२२.अर्जुनधारा नगरपालिकाका विभिन्न वडा हरुमा देहाय बमोजिमको धानखेतीमा फौजी,फट्के लगायतका किराहरुको आक्रमणबाट धानखेतीमा क्षति पुगेको विवरण हाल सम्म प्राप्त भएकाले क्षतिपूर्तीकमा लागि सम्बन्धित निकायहरुमा लेखी पठाउने ।

देहाय

| वडा नं | ज.वि. |
|---|---|
| १ | ६-१-५ |
| ८ | ८४-१६-१८ |
| ९ | १६३-१६-१३ |
| १० | २८-०-० |
| जम्मा | २८२-१९-१६ |

हरी कुमार रानी मगर
नगर प्रमुख

२३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत गत आव ०७५/०७६ मा बेरोजगारको सुचीमा सुचिकृत हुन आवेदन गरेका ३१४२ (तीनहजार एकसय बयालीस) जना व्यक्तिलाई सुचिकृत गरि अद्यावधिक गर्न बाँकी रहेका विवरणहरु अद्यावधिक गर्न रोजगार सेवाकेन्द्रलाइ जिम्मा दिने र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र अनुसार चालु आव ०७६/०७७ का लागि वेरोजगार व्यक्तिलाई न्युनतम १०० दिनको रोजगारीको लागि आगामी २०७६ मंसीर २५ गते सम्ममा कार्यक्रम तयार गरि पेश गर्ने ।

२४.अर्जुनधारा नगरपालिका वडा नं ३ का खम वहादुर सिन्चुरीको आफ्नै घरमा काम गर्ने शिलशिलामा विद्युत सर्ट भई २०७६।०७।२१ गते करेन्ट लागेर मृत्यु भएको र निजको परिवारको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको हुदा सहयोग गर्न दिएको माग निवेदन का आधारमा सहयोग स्वरुप रु २००००।(अक्षरेपी वीस हजार रुपैया मात्र ) उपलव्ध गराउने ।

हरी कुमार राना मगर
नगर प्रमुख